# शंखरापुर नगर कार्यपालिकाको १०२ औं (मिति २०८२/०३/०४) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८२/०२/१६ गते बसेको कार्यपालिकाको १०१ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८१/८२ को जेठ महिनाको प्रतिवेदन अनुसार प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र सिफारिस भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । |
| निर्णय नं ३: | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. २०८१/८२(प्रशासन) च.नं. ४९५८/५९५१५ मिति २०८२/०२/२८ को पत्रबाट आयोगबाट स्थानीय तहलाई दिइएका सुझाव कार्यान्वयनको प्रगति विवरण प्रविष्ट गर्ने सम्बन्धमा जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ४: | यस नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा पेश हुने नगर सभाका विषयगत समितिहरु(विधायन समिति, सुशासन समिति, राजस्व परामर्श समिति, लेखा समिति र न्यायिक समिति) का प्रतिवेदनहरु नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं ५: | यस नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा पेश हुने निर्णय प्रस्तावहरु नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं ६: | यस नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०८२/०२/२६ गतेको बैठकको सिफारिस बमोजिम पेश भएका नीति, कार्यक्रम तथा बजेट सम्बन्धी यस नगरपालिकाका नगर सभा सदस्यहरुको मिति २०८२/०२/३१ र २०८२/०३/०१ गतेको अन्तरक्रिया तथा छलफलबाट प्राप्त सुझावहरु समावेश गरी तयार गरिएको प्रस्तावित नीति, कार्यक्रम तथा बजेट आगामी नगर सभाको एघारौं अधिवेशनमा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो। |
| निर्णय नं ७: | यस नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा पेश हुने आर्थिक विधेयक,२०८२ नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं ८: | यस नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा पेश हुने विनियोजन विधेयक,२०८२ नगर सभालाई सिफारिस गर्ने निर्णय गरियो। |
| निर्णय नं ९: | यस नगरपालिकामा कार्यरत अमिन अधिकृत श्री सुनिता श्रेष्ठको मिति २०८२/०२/३० को निवेदनानुसार नेपाल सरकार भूमि व्यवस्थापन सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रबाट सञ्चालन हुन लागेको जुनियर नापी तालिम(स्थानीय/प्रदेश)मा सो केन्द्रकै च.नं.९१६ मिति २०८२/०२/२६ गतेको पत्रानुसार निज कर्मचारी छनौट भएको हुँदा बागमती प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन)ऐन, २०७९ को दफा ५९को उपदफा ५ र ६ (क) को व्यवस्था बमोजिम निज कर्मचारीको १ वर्ष अवधिको बेतलबी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो। |
| निर्णय नं १०: | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६४ उपदफा १ को खण्ड च र ऐनको दफा ११ को उपदफा (२)को खण्ड घ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कायम भएको आय ठेक्काको रकममा नघट्ने गरी तथा |

| | |
|---|---|
| | प्रारम्भिक वातावरणीय परीक्षणबाट निर्धारण गरिएको प्रस्तावित वार्षिक परिमाण अनुसार यस शंखरापुर नगरपालिका क्षेत्र भित्र रहेका मनमत्ता र सुकेखोला खोलाको कार्की गाउँको पुल देखि खुलालटार पुलसम्मर निर्माण माइनिङ वासिङ देखि मनमत्ता सम्म मिसिएर खुलालटार पुलसम्म ( प्रस्तावित वार्षिक परिमाण २६,९३,७९७.१८४ घ.फि.) , गडगडे खोलाको लागि बाखीखोला देखि मनोहरा संगमसम्म ( प्रस्तावित वार्षिक परिमाण १०,६९,९१७.९०८ घ.फि.) , शालिनदीको लागि नारायणेश्वर मन्दिरको दहदेखि मनहराको संगमसम्मको दहत्तर र बहत्तर सङ्कलन तथा बिक्री शुल्क( प्रस्तावित वार्षिक परिमाण १३,५०,८३१.२२३ घ.फि.) ठेक्का मार्फत बन्दोबस्त गर्न र यस नगरपालिकामा नियमानुसार दर्ता तथा नवीकरण भएका खानी तथा वासिङ कम्पनीबाट निकासी हुने कच्चा पदार्थको (प्रस्तावित वार्षिक परिमाण २१,३०,२५९.११५ घ.फि.) कुल जम्मा ७२,४४,८०५.४३ घन फिटको बागमती प्रदेशको आर्थिक ऐन,२०८२ बमोजिम बालुवा/ढुङ्गा/गिट्टी प्रति घन फिट रु ७/- ले हुन आउने रकम रु ५,०७,१३,६३८.०१/- (अक्षररुपी रु पाँच करोड सात लाख तेह्र हजार छ सय अठतीस र पैसा सुन्ना एक मात्र)मूल्य अभिवृद्धि कर बाहेक बरारबरको न्यूनतम कबोल अङ्क कायम गरी आर्थिक वर्ष २०८२/८३ को आय ठेक्का बन्दोबस्त गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ११: | यस नगरपालिका क्षेत्रमा चैते धान बाली लगाउने कृषकहरुलाई प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्ने समबन्धमा मिति २०८२/०३/०२ गते कृषि विकास समन्वय समितिका बैठकको सिफारिस बमोजिम चैते धानबाली लगाएका कृषकहरुको प्रति रोपनी लागत अनुमान खर्च रु ५,५६०/-(अक्षरुपी रु पाँच हजार पाँच सय साठ्ठी मात्र)को ५० प्रतिशतले हुन आउने रकम रु २,७८०/-(अक्षररुपी रु दुई हजार सात सय असी मात्र) का दरले तपसिल बमोजिमका कृषकहरुलाई प्रोत्साहन रकम दिने निर्णय गरियो। |

तपसिलः

| क्र.सं. | कृषकको नाम/थर | ठेगाना | चैते धान बाली लगाएको क्षेत्रफल रोपनी | अनुमानित लागत खर्च रु | ५० प्रतिशत प्रोत्साहन रकम रु |
|---|---|---|---|---|---|
| १. | सूर्य बहादुर वाइवा | शंखरापुर - २ | ९ | ५०,०४० | २,५०२० |
| २. | खम्पा तामाङ्ग | शंखरापुर - २ | २ | ११,१२० | ५,५६० |

| | |
|---|---|
| निर्णय नं १२: | यस नगरपालिका र चौकि भन्जयाङ्ग बिल्डर्ष बीच यस नगरपालिकाको **ठेक्का Upgrading Of Bhagwati School Pachadi Sadak (SMO/81-82/36)** निर्माण गर्नको लागि मिति २०८१/१२/१० गते सम्झौता भएको । सम्झौता बमोजिम उक्त कार्य सम्पन्न गर्नको लागि रु. १०,९५,५०१.५८/-(दस लाख पन्चानब्बे हजार पाँच सय एक रुपैया अन्ठाउन्न पैसा ) भ्याट र पि.एस. सहितमा उक्त फर्मले कबोल गरेको । यस अघिको विनियोजित बजेटबाट तयार भएको लागत अनुमान बमोजिम सडक नाला बनाउने लगायतको कार्य रहेकोमा हाल निर्माणको क्रममा शुरुको लागत अनुमान भन्दा केहि कार्यहरुको परिमाण थप घट हुने देखिएको । साथै निर्माणको |

| | |
|---|---|
| | क्रममा केहि जग्गाधनीहरुले सडक नाला बनाउन तथा सडक चौडा गर्न जग्गा कटिङ्ग गर्न नदिएको हुँदा सो स्थानमा नाली नबनाई हाललाई नालाको पानी कटाउनको लागि ह्युम पाईप आवशयक रहेको भनी माग गरेकाले सो स्थानमा सडक नालाबाट तल कुलो सम्म पानी निकास गर्नको लागि ह्युम पाईप सहित नयाँ लागत अनुमान तयार भएको छ। यसरी केही कार्यहरुको परिमाणमा फेरबदल हुँदा लागत अनुमान रकम समेत बढ्न गएको छ। यसरी शुरुको सम्झौतामा केही कार्यहरुको परिमाण फेरबदल भएको हुँदा शुरुको सम्झौता रकममा थप रु १,३७,८७०.६५/- (एक लाख सर्तिस हजार आठ सय सत्तरी रुपैया पैसठ्ठी पैसा) ले हुन आउने ११.६८ प्रतिशत बढन गएकोले सो रकम समेत व्योहिरिने गरी नयाँ सम्झौता रकम रु. १२,३३,३७२.२४/-( बाह लाख तेत्तिस हजार तीन सय बहत्तर रुपैया चौबिस पैसा भ्याट र पि.एस सहित) कायम हुने गरी प्रचलित सार्वजनिक खरिद ऐन को दफा ५४ र नियामवलीको ११८ बमोजिम Variation Order स्वीकृति गर्ने निर्णय गरियो। |
| निर्णय नं १३: | यस नगरपालिका र नवयुवा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि बीच यस नगरपालिकाको ठेक्का SMO/81-82/६३ Painting and Compound Fencing works at shankharapur ward 1 office and swasthya chauki vawan निर्माण गर्नको लागि मिति २०८२/०२/०७ गते सम्झौता भएको । सम्झौता बमोजिम उक्त कार्य सम्पन्न गर्नको लागी रु. १४,१४,६४६.२१/-(चौध लाख चौध हजार छ सय छयालिस रुपैया एक्काईस पैसा ) भ्याट र पि.एस. सहितमा उक्त फर्मले कबोल गरेको । यस अघिको विनियोजित बजेटबाट तयार भएको लागत अनुमान बमोजिम रंगरोगन, पर्खाल निर्माण, तारबार लगायतको कार्य रहेकोमा हाल निर्माणको क्रममा शुरुको लागत अनुमान भन्दा केही कार्यहरुको परिमाण थप घट हुने देखिएको । हाल स्वास्थ्य चौकी तर्फको पर्खाल र तारबारको काम गर्दै जादा थप पर्खाल र तारबारको कार्य समेत गर्नु पर्ने देखिएको , वडा कार्यालयको पर्खालमा बाहिर भित्र नै प्लाष्टरको कार्य गर्नु पर्ने भएको हुँदा सो कार्य समेत गर्नको लागि नयाँ लागत अनुमान तयार भएको छ। यसरी केही कार्यहरुको परिमाणमा फेरबदल हुँदा लागत अनुमान रकम समेत बढ्न गएको छ। यसरी शुरुको सम्झौतामा केही कार्यहरुको परिमाण फेरबदल भएको हुदा शुरुको सम्झौता रकममा थप रु ३,१२,९००.६५/- (तिन लाख बाह हजार नौ सय रुपैया पैसठ्ठी पैसा) ले हुन आउने २२.९६ प्रतिशत बढ्न गएकोले सो रकम समेत व्योहिरिने गरी नयाँ सम्झौता रकम रु. १७,२७,५४६.८६/-( सत्र लाख सत्ताईस हजार पाँच सय छयालिस रुपैया छयासी पैसा भ्याट र पि.एस. सहित) कायम हुने गरी प्रचलित सार्वजनिक खरिद ऐन को दफा ५४ र नियामवलीको ११८ बमोजिम Variation Order स्वीकृति गर्ने निर्णय गरियो। |

| | |
|---|---|
| निर्णय नं १४: | यस नगरपालीका र देउराली मल्टीपर्पोज निर्माण सेवा प्रा.लि बीच यस नगरपालिकाको ठेक्का Upgrading Of Karkichok Bhulbu Sadak (SMO/81-82/29) निर्माण गर्नको लागि मिति २०८२/११/१९ गते सम्झौता भएको । सम्झौता बमोजिम उक्त कार्य सम्पन्न गर्नको लागि रु. ४४,३५,८४५.४/-(चवालिस लाख पैतिस हजार आठ सय चौउन्न रुपैयाँ चालिस पैसा ) भ्याट र पि.एस. सहितमा उक्त फर्मले कबोल गरेको । यस अघिको विनियोजित बजेटबाट तयार भएको लागत अनुमान बमोजिम कल्भर्ट निर्माण, सडक ढलान, ग्याबिन वाल, पल्म वाल लगायतको निर्माण कार्य रहेकोमा हाल निर्माणको क्रममा सुरुको लागत अनुमान भन्दा केहि कार्यहरुको परिमाण थप घट हुने देखीएको । हाल सडक विस्तारको क्रममा सडक मापदण्ड अनुसार ROW निर्धारण गर्दा रिटेनिङ्गवाल लगाउनु पर्ने साथै सो स्थानमा नलगाएमा सडक छिन्ने उच्च जोखिम भएको हुँदा सो स्थानमा स्थलगत आवश्यकता अनुसार वाल लगाउनु पर्ने भएको र शुरुको BOQ बमोजिम परिमाण नपुग रहेकाले सो कार्यको लागि थप परिमाण आवश्यक भएकोले सम्झौता रकम नबढने गरी सो ठेक्का भित्र नै केही आईटमहरु मध्ये Quantity Adjustment गरी लागत अनुमान तयार भएको छ। साथै सम्झौता बमोजिम निर्माण कार्य भई राखेको अवस्थामा केही कार्यहरुको परिमाण समेत फेरबदल भएको छ। यसरी केही कार्यहरुको परिमाणमा फेरबदल भए तापनि सम्झौता रकम नबढने गरी प्रचलित सार्वजनिक खरिद ऐनको दफा ५४ र नियामवलीको ११८ बमोजिम Revised Estimate र Variation Order स्वीकृति गर्ने निर्णय गरियो। |
| निर्णय नं १५: | यस नगरपालीका र New Shankharapur Nirman and Suppliers Pvt Ltd बीच यस नगरपालिकाको ठेक्का Upgrading Of Ganpati Batika Kuldeuta Majgaun Paropakar Sadak (SMO/81-82/45) निर्माण गर्नको लागि मिति २०८२/१२/०६ गते सम्झौता भएको । सम्झौता बमोजिम उक्त कार्य सम्पन्न गर्नको लागि रु. ५०,७६,३२८.६/- (पचास लाख छहत्तर हजार तिन सय अठ्ठाईस रुपैया साठ्ठी पैसा ) भ्याट र पि.एस. सहितमा उक्त फर्मले कबोल गरेको । यस अघिको विनियोजित बजेटबाट तयार भएको लागत अनुमान बमोजिम नाली निर्माण, सडक ढलान, पल्म वाल लगायतको निर्माण कार्य रहेकोमा हाल निर्माणको क्रममा शुरुको लागत अनुमान भन्दा केही कार्यहरुको परिमाण थप घट हुने देखिएको । हाल सडक विस्तारको क्रममा जग्गाधनीहरुबाट शुरुको लागत अनुमान तयार गर्दा तोकिएको चौडाई बराबर जग्गा रेखाङ्कन गर्न नदिएको र सो कारण नाली बनाई सडक ढलान गर्दा सडक चौडा नपुग्ने भएकाले नालीको स्थानमा टिक नाली बनाउन स्थानीय र जन प्रतिनिधिहरुको माग भएको। साथै सिमाङ्कन भई सकेको जग्गा पुरै ओगटेर बाटो ढलान गर्नु पर्ने र बाँकी रहेको लम्बाई समेत पूर्ण रुपमा ढलान गर्न स्थानीयहरु र जनप्रतिनिधिहरुको |

| | |
|---|---|
| | माग भएको र शुरुको BOQ बमोजिम ढालानको परिमाण नपुग रहेकाले सो कार्यको लागि थप परिमाण आवश्यक भएकोले सम्झौता रकम नबढने गरी सो ठेक्का भित्र नै केही आईटमहरु मध्ये Quantity Adjustment गरी लागत अनुमान तयार भएको छ। साथै सम्झौता बमोजिम निर्माण कार्य भई राखेको अवस्थामा केही कार्यहरुको परिमाण समेत फेरबदल भएको छ। यसरी केही कार्यहरुको परिमाणमा फेरबदल भए तापनि सम्झौता रकम नबढ्ने गरी प्रचलित सार्वजनिक खरिद ऐनको दफा ५४ र नियामवलीको ११८ बमोजिम Revised Estimate र Variation Order स्वीकृति गर्ने निर्णय गरियो। |
| निर्णय नं १६: | यस नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **बहर संरक्षण कार्यक्रम (छाडा पशुको संरक्षणको लागि)** सञ्चालनको लागि मिति २०८१/०९/२६ गतेको पशु विकास समन्वय समितिको सिफारिस बमोजिम नगरपालिकामा छाडा छोडिएका असहाय गाई बाच्छाहरुको संरक्षणमा सहयोग गर्दै आइरहेको काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं ८ मा स्थित **असहाय गाईबाच्छाको संरक्षण अभियानका क्रममा सेभ दि लाईभ्ससँग** सम्झौता गरी कार्यक्रमको लागि विनियोजित रकम रु १,५०,०००/- (अक्षररुपी रु एक लाख पचास हजार मात्र) अनुदान दिने निर्णय गरियो। |
| निर्णय नं १७: | शंखरापुर नगर खेलकुद समितिको मिति २०८१/१२/२१ गतेको निर्णयानुसार मिति २०८१/१२/२५ देखि २०८१/१२/२८ सम्म सञ्चालन भएको विद्यालयस्तरीय नगर खेलकुद प्रतियोगितामा सहभागी खेलाडी/शिक्षक/कर्मचारीहरुलाई खाजा/खाना/जर्सी तथा यातायात बापत खर्च भएको रकम विद्यालयबाट सहभागी भएका खेलाडी/शिक्षक्/कर्मचारीहरुको संख्या तथा खेलमा सहभागी भएको दिन समेत एकीन गरी समितिले सिफारिस गरे बमोजिम हुन आउने रकम तत् विद्यालयलाई अनुदान दिने निर्णय गरियो। |
| निर्णय नं १८: | यस शंखरापुर नगरपालिकाको कार्यस्थलमा हुने लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०८२ पारित गर्ने निर्णय गरियो। |
| निर्णय नं १९: | यस नगरपालिकामा लैससास कार्यान्वयन गर्न तपसिल बमोजिमको लैससास कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।<br>तपसिल:<br>संयोजक - प्रमुख महिला विकास अधिकृत श्री निर्जला अधिकारी चुडाल<br>सदस्य - कानुन अधिकृत श्री शिव प्रसाद श्रेष्ठ<br>सदस्य सचिव - सहायक महिला विकास अधिकृत श्री प्रमिला जिरेल<br>सदस्य - न्यायिक सहजकर्ता श्री सुभद्रा साखकर्मी<br>सदस्य - नगर प्रहरी जवान श्री उत्तम परियार |

# अनुसूची १

## शंखरापुर नगर कार्यपालिकाको १०१ औं (मिति २०८२/०२/१६) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको व्यहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ४: | यस नगरपालिकाको नगर सभाको एघारौं अधिवेशन मिति २०८२ असार ६ गते शुक्रबार बिहान ८:०० बजे शंखरपुर नगरपालिकाको वडा नं ६ सलम्बुटार स्थित देवी फरेष्ट रिसोर्टमा आयोजना गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ५: | यस नगरपालिकाको विधायन समितिले सिफारिस गरेका देहायका कार्यविधि पारित गर्ने निर्णय गरियो।<br>क. शंखरापुर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८२<br>ख. शंखरापुर नगरपालिकाको हेभी यान्त्रिक उपकरण सञ्चालन कार्यविधि,२०८२ | सम्पन्न |
| निर्णय नं ६: | यस शंखरापुर नगरपालिकाको जलस्रोत उपभोक्ता तथा मुहान दर्ता कार्यविधि २०८१ को दफा ६ उपदफा ५ मा व्यवस्था भए बमोजिम नगर जलस्रोत समितिको मिति २०८२ जेष्ठ १६ गतेको सिफारिस बमोजिम यस नगरपालिकाको वडा नं ८ स्थित श्री कठनचोक खानेपानी उपभोक्ता संस्था विधिवत रुपमा दर्ता गरी प्रमाणपत्र प्रदान गर्न सिफारिस गरिएको हुँदा कठनचोक खानेपानी मुहान उपभोक्ता समिति दर्ता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ७: | यस नगरपालिकाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडास्तरीय तथा नगरस्तरीय उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम कार्यान्वयनको लागि रु पाँच लाख विनियोजन गरिएको हुँदा वडास्तरीय स्वास्थ्य संस्था तथा वडा कार्यालयमा कार्यरत कर्मचारीको हकमा वडा समितिको सिफारिसको आधारमा र नगरपालिकामा कार्यरत कर्मचारीको हकमा कार्यपालिकाको निर्णयानुसार आगामी नगर सभाको ११ औं अधिवेशनको अवसरमा उत्कृष्ट कर्मचारी घोषणा तथा सम्मान गर्ने निर्णय गरियो। | कार्यान्वयनको चरणमा |
| निर्णय नं ८: | नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत राष्ट्रिय बाल अधिकार परिषद्को प.सं. ०८१/८२ च.नं. १७२९ मिति २०८२/०१/२८ को पत्रानुसार नगरपालिकालाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्ने सम्बन्धी यस नगरपालिकाको वडा नं १ देखि ९ सम्मका सबै वडा कार्यालयहरुबाट लिइएको सडक बालबालिकाको विवरण अनुसार यस नगरपालिकाको क्षेत्रमा सडक बालबालिका नरहेको हुँदा यस नगरपालिकालाई सडकमा बस्ने बालबालिका नभएको घोषणा गर्ने र सोको जानकारी राष्ट्रिय बाल अधिकार परिषद्, बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा लिखित जानकारी पठाउने निर्णय गरियो। | सम्पन्न |

| | | |
|---|---|---|
| निर्णय नं ९: | मालपोत कार्यालय, साँखुको च.नं. ४९३५ मिति २०८१/०१२/११ को पत्रानुसार उक्त कार्यालयमा हुने कार्यालय सञ्चालन, विभिन्न शीर्षकमा सवारी इन्धन र सार्वजनिक सम्पत्ति र मेसिनरी औजार मर्मा लगायत कार्यालय सञ्चालन गर्नको लागि रु २,५०,०००।—(अक्षररुपी रु दुई लाख पाँच हजार मात्र) माग गरेको हुँदा चालु आर्थिक वर्षको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च अन्तर्गत अन्य कार्यालय सघ संस्था व्यवस्थापन अनुदान शीर्षकमा विनियोजित रकमबाट रु २,५०,०००।— (अक्षररुपी रु दुई लाख पचास हजार मात्र) अनुदान दिने निर्णय गरियो । | सम्पन्न |
| निर्णय नं १०: | नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको प.सं.४-०८१/०८२ च.नं. ४१९ मिति २०८२/०२/०१ को पत्रानुसार आगामी आर्थिक वर्ष २०८२/८३ मा रोजगार कार्यक्रम सञ्चालनका लागि हाल प्राप्त बजेटको सीमितता र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको समयावधि २०८२ असार मसान्तमा समाप्त हुने भएको कारण कार्यक्रम सञ्चालन खर्च र रोजगार संयोजकको लागि तलब/भत्ता व्यवस्थापन हुने देखिएको तर हाल कार्यरत प्राविधिक सहायक तथा रोजगार सहायकको हकमा माग र आवश्यकताका आधारमा सम्बन्धित स्थानीय तहबाट नियमानुसार जनशक्ति व्यवस्थापन गर्न सक्ने नेपाल सरकार माननीय मन्त्रिस्तर को मिति २०८१/०१/३१ को निर्णय भएको हुँदा यस नगरपालिकामा कार्यरत निज कर्मचारीहरुले प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्नुका साथै नगरपालिकाका विभिन्न कार्यको जिम्मेवारी समेत दिइएकोले निज रोजगार सहायक र प्राविधिक सहायक कर्मचारीहरुको करार सेवा आगामी आर्थिक वर्षको लागि निरन्तरता दिन एघारौं नगर सभाबाट अनुमोदनको लागि सिफारिस गर्ने निर्णय गरियो। | कार्यान्वयनको चरणमा |
| निर्णय नं ११: | यस शंखरापुर नगरपालिकाको ४ नं वडा कार्यालयको प.सं. २०८१/०८२ च.नं. १३७७ मिति २०८२/०१/३० को सिफारिस पत्रानुसार वडा नं ४ लप्से थाङसाङ डाँडाबाट शंखरापुर नगरपालिका वडा नं ३ को सीमामा पर्ने जहरसिंह पौवा घाङ्ग्री स्थानसम्म अनुमानित १५०० मिटरको झोलुङ्गे पुल आवश्यकता भएकोले उक्त पुल निर्माण भएको खण्डमा विद्यालय जाने विद्यार्थीहरुलाई सहज हुने कृषि उत्पादन बजारसम्म सहजै पुर्याउन सहज हुने तथा साँखु नगरकोट जहरसिंह पौवा झुले मणिचुड हुँदै नुवाकोट चिसापानी सम्म पर्यटन क्षेत्रलाई समेत टेवा पुग्ने भएकोले झोलुङ्गे पुल निर्माण गर्नका लागि सङ्घीय तथा प्रादेशिक सरकारसँग बजेट माग गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं १२: | यस शंखरापुर नगरपालिका र Chaulagain/Chandrayan JV बीच यस नगरपालिकाको ठेक्का SMO/81-82/03 Upgrading of Khulaltar Sanagaun Ukhutar Sadak निर्माण गर्नको लागि मिति २०८१/०८/१३ गते सम्झौता भई उक्त कार्य सम्पन्न गर्नको लागि रु १,७५,७२,४१५.४६/- (अक्षररुपी रु एक करोड पचहत्तर लाख बहत्तर हजार चार सय पन्ध्र रपैया छयालिस पैसा मात्र)भ्याट र पिएस सहितमा उक्त फर्मले कबोल गरेकोमा स्वीकृत लागत | सम्पन्न |

| | | |
|---|---|---|
| | अनमान बमोजिम काम गर्दै जाने क्रममा खुलालटार उकालोमा बाटो भासिएको र नाली निर्माओको लागि खन्ने क्रममा पहिरो समेत खसेको हुँदा उक्त स्थानमा टेवा पर्खाल नलगाई सडक ढलान गर्न सक्ने अवस्था नभएकोले उक्त क्षेत्रमा पर्खाल लगाउने कार्य गर्नको लागि थप कार्य सहित नयाँ लागत अनमान तयार भएको छ। यसरी केही कार्यहरुको आइटमको परिमाणमा फेरबदल हुँदा लागत अनुमान रकम समेत बढ्न गएको र यसरी सम्झौता बमोझिमको केही कार्यहरुको आइटमको परिमाणमा फेरबदल हुँदा सुरुको सम्झौता रकममा थप रु २८,५०,४९६.८८/- (अक्षररुपी रु अठ्ठाइस लाख पचास हजार चार सय छ्यानब्बे रुपैया पैसा अठासी मात्र)ले हुन आउने १७.३४ प्रतिशत रकम बढ्न गएकोले सो रकम समेत बेहोरिने गरी नयाँ सम्झौता रकम रु २,०४,२२,९१२.३४/-(अक्षरुपी रु दुई करोड चार लाख बाइस हजार नौ सय बाह्र पैसा चौतिस मात्र)भ्याट र पि.एस हपत काषम हुने गरी प्रचलित सार्वजनिक खरिद ऐनको दफा ५४ र नियमावलीको ११८ बमोजिम Variation Order स्वीकृति गर्ने निर्णय गरियो। | |
| निर्णय नं १३: | यस नगरपालिकाको नगरस्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८२/०२/११ मा सिफारिस भएका देहाय बमोजिमका निर्णयलाई अनुमोदन गरी प्रक्रियां अगाडि बढाउने निर्णय गरियो।<br>क. यस शंखरापुर नगरपालिका वडा नं. ५ शंखरापुर वृहद खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको निवेदन तथा वडा नं. ५ वडा कार्यालयको सिफारिस समेत को आधारमा संस्थाको कार्यालय भवन लगायतको प्रयोजनको लागि नेपाल सरकार खानेपानी मन्त्रालय खानेपानी तथा ढल व्यवस्थापन विभाग केन्द्रीय खानेपानी आयोजनाबाट निर्माण हुने कार्यक्रमको लागि नेपाल सरकारको नाममा दर्ता कायम रहेको शंखरापुर नगरपालिका वडा नं. ५ (साविक सुन्टोल गा.वि .स वडा नं . ८ । झ ) कि. नं. १२३ को क्षेत्रफल ५-९-२-० सार्वजानिक पर्ति जग्गामा सार्वजानिक संरचना निर्माणको लागि सरकारी जग्गा दर्ता , उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति,२०७९ बमोजिम जग्गा प्राप्ति गर्नुपर्ने भएको हुँदा माथि उल्लेखित जग्गामा तोकिएको संरचना निर्माण गर्न उपलब्ध गराउँदा स्थानीय स्तरमा विपद् व्यवस्थापन कार्यमा कुनै किसिमको बाधा नपर्ने र विपद् व्यवस्थापनको प्रयोजनको लागि अन्य खुल्ला स्थानमा आवश्यक जग्गाहरु उपलब्ध हुने भएकोले तोकिएको प्रयोजनको लागि जग्गा प्राप्ति गर्न सिफारिस समितिलाई सिफारिस गरिदिन जिल्ला विपद् व्यवस्थापन समिति काठमाडौंमा सिफारिस गर्ने ।<br>ख. यस वर्षको मौसमजन्य विपदबाट हुनसक्ने क्षति न्यूनीकरण तथा रोकथामको लागि सरोकारवाला निकायहरुको समेत सहभागिता तथा समन्वयमा आवश्यक तयारी गर्ने । | कार्यान्वयनको चरणमा |

गरिदिन जिल्ला विपद् व्यवस्थापन समिति काठमाडौंमा सिफारिस गर्ने ।

ख. यस वर्षको मौसमजन्य विपदबाट हुनसक्ने क्षति न्यूनीकरण तथा रोकथामको लागि सरोकारवाला निकायहरुको समेत सहभागिता तथा समन्वयमा आवश्यक तयारी गर्ने ।

ग. यस वर्षको मनसुनजन्य विपद् व्यवस्थापनको लागि प्लास्टिक, त्रिपाल लगायत अन्य आवश्यक सामग्री खरिद गर्ने र आवश्यक परेको बेलामा जनशक्ति समेत परिचालन गर्ने ।

घ. वडास्तरमा विपद् व्वस्थापनका अत्यावश्क सामग्रीहरु त्रिपाल, प्लास्टिक लगायतका सामग्री नगर विपद् व्यावस्थापन समिति मार्फत तत्काल उपलब्ध गराउने ।

ङ. गत वर्षको मौसमजन्य विपदबाट क्षति भएका यस नगरपालिकाको देहायका संरचनाहरु तत्काल मर्मत तथा निर्माण गर्नुपर्ने भएकोले नगर विपद् व्यवस्थापन कोषबाट जम्मा रु २८,४५,०००/- (अक्षररुपी रु अठ्याइस लाख पैंतालिस हजार मात्र) रकम विनियोजन गर्ने ।

| क.सं. | योजनाको विवरण | वडा नं | जम्मा रकम रु |
|---|---|---|---|
| १. | बज्रयोगिनी उग्रतारा सामुदायीक बनकार्यालय पछाडी पहिरो नियन्त्रण | ८ | ५,५०,०००।- |
| २. | उग्रतारा मा.वि. पछाडि थिंङ टोलको पहिरो नियन्त्रण | ८ | ५,६०,०००।- |
| ३. | कुसुमथली पहिरो नियन्त्रण | ९ | २,२५,०००।- |
| ४. | सामरी खोला पुल निर्माण | ४, ५,७ | ४,५०,०००। |
| ५. | चापाबोट स्थित लामाटोल पहिरो नियन्त्रण | १ | ३,००,०००।- |
| ६. | चापाबोट स्थित हैबुङटोल ओवी खोला पहिरो नियन्त्रण | १ | १,००,०००।- |
| ७. | मनमत्ता खोलामा अस्थायी पुल मर्मत | ६ र ९ | ३०,००० ।- |
| ८. | पाखिनटोल सोझे सडक( वि.क खोल्सी) कटान नियन्त्रण | ३ | ६,००,०००।- |
| ९. | पासिखेल नगर अस्पताल जाने बाटोको वाल मर्मत | ९ | ३०,००० ।- |
| | कुल जम्मा रकम रु | | २८,४५,०००।- |

ग. यस वर्षको मनसुनजन्य विपद् व्यवस्थापनको लागि प्लास्टिक, त्रिपाल लगायत अन्य आवश्यक सामग्री खरिद गर्ने र आवश्यक परेको बेलामा जनशक्ति समेत परिचालन गर्ने ।

घ. वडास्तरमा विपद् व्वस्थापनका अत्यावश्क सामग्रीहरु त्रिपाल, प्लास्टिक लगायतका सामग्री नगर विपद् व्यावस्थापन समिति मार्फत तत्काल उपलब्ध गराउने ।

ङ. गत वर्षको मौसमजन्य विपदबाट क्षति भएका यस नगरपालिकाको देहायका संरचनाहरु तत्काल मर्मत तथा निर्माण गर्नुपर्ने भएकोले नगर विपद् व्यवस्थापन कोषबाट जम्मा रु २८,१५,०००/- (अक्षररुपी रु अठ्याइस लाख पन्ध्र हजार मात्र) रकम विनियोजन गर्ने ।

| क्र.सं. | योजनाको विवरण | वडा नं | जम्मा रकम रु |
|---|---|---|---|
| १. | बज्रयोगिनी उग्रतारा सामुदायीक बनकार्यालय पछाडी पहिरो नियन्त्रण | ८ | ५,५०,०००।- |
| २. | उग्रतारा मा.वि. पछाडि थिंङ टोलको पहिरो नियन्त्रण | ८ | ५,६०,०००।- |
| ३. | कुसुमथली पहिरो नियन्त्रण | ९ | २,२५,०००।- |
| ४. | सामरी खोला पुल निर्माण | ४, ५,७ | ४,५०,०००। |
| ५. | चापाबोट स्थित लामाटोल पहिरो नियन्त्रण | १ | ३,००,०००।- |
| ६. | चापाबोट स्थित हैबुङटोल ओवी खोला पहिरो नियन्त्रण | १ | १,००,०००।- |
| ७. | मनमत्ता खोलामा अस्थायी पुल मर्मत | ६ र ९ | ३०,००० ।- |
| ८. | पाखिनटोल सोझे सडक( वि.क खोल्सी) कटान नियन्त्रण | ३ | ६,००,०००।- |
| | कुल जम्मा रकम रु | | २८,१५,०००।- |

## अनुसूची २

## शंखरापुर नगरपालिका

## साँखु, काठमाण्डौ

## आ.व. २०८१।८२ जेष्ठ महिनामा भएको योजना अनुगमन सम्बन्धी प्रतिवेदन

### १. पृष्ठभूमी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ ख, (५) तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.१० (घ) बमोजिम अनुगमन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

### २. उद्देश्य

यस प्रतिबेदनको उद्देश्य नगरपालिकाबाट आर्थिक वर्ष २०८१।८२ को जेष्ठ महिनामा भए गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देखिएको अवस्था र अनुगमन समितिबाट दिएका सुझाव र आगामी दिनमा गर्नु पर्ने विषयको जानकारी कार्यपालिकामा पेश गर्ने रहेको छ ।

### ३. अनुगमनमा सहभागी

योजना तथा कार्यक्रमहरुको अनुमगमनको क्रममा देहाय बमोजिमको सहभागिता रहेको थियो ।

क. नगर प्रमुख

ख. उप प्रमुख

ग. प्रमुख प्रशासकीय अधिकृत

घ. सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य वा वडा सचिव

ङ. योजना अधिकृत

च. लेखा अधिकृत

छ. सम्बन्धित वडा हेर्ने ईन्जिनियर तथा सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर कर्मचारीहरु

ज. सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरु

### ४. अनुगमन समितिबाट भए गरेका गतिविधिहरु

**क. योजना/कार्यक्रमहरुको सञ्चालन तथा अनुगमनको क्रममा देखिएका विषयहरु**

- योजना कार्यान्वयन कार्यतालिका अनुसार ठेक्का तथा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको सम्झौता गर्ने क्रम शुरु भएको छ ।

- कार्यतालिका अनुसार उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने योजनाहरु बैशाख मसान्त सम्म सम्पन्न गर्नु पर्ने भएता पनि सबै वडाहरुमा योजनाहरु निरन्तर सञ्चालन भएको पाईएकोले यथासक्य छिटो योजनाहरु सम्पन्न गरी फरफारक गर्नको लागि वडा कार्यालयहरुले उपभोक्ता समितिहरुलाई थप कृयाशिल बनाउनु पर्ने ।
- उपभोक्ता समिति तथा ठेक्कामार्फत कार्यान्वयन हुने योजनाहरुको नियमित सुपरिवेक्षण वडा कार्यालयमा कार्यरत प्राविधिक तथा सम्बन्धित ईन्जिनियरहरुबाट हुन आवश्यक देखिन्छ।

ख. <u>योजना अनुगमनका क्रममा देखिएका विषयमा गरिएका सुधारका प्रयासहरु</u>

- Quality र Quantity दुबै कायम गर्नका लागि अनुगमनले सकारात्मक प्रभाव पारेको ।
- आयोजनास्थलमा अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्न निर्देशन दिईएको ।
- ठेक्का मार्फत काम गर्दै गरेका योजनाहरुको सन्दर्भमा सम्झौता अवधि भित्र काम सम्पन्न गर्न स्पष्ट निर्देशन दिईएको ।

ग. <u>अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी दिनमा गर्नु पर्ने पक्षहरु</u>

- चालु आर्थिक वर्ष २०८१।८२ मा सञ्चालन हुने योजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि योजना कार्यान्वयन कार्यतालिकाको पूर्ण कार्यान्वयन गरी उपभोक्ता समितिबाट सन्चालन भएका योजनाहरु यथासक्य छिटो सम्पन्न हुने गरी काम हुनु पर्ने । यसले गर्दा वर्षाद् हुनु अघिनै काम सम्पन्न गर्न सकिने र योजनाको दिगोपना कायम गर्न सहज हुने ।
- विभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माणको लागि उपभोक्ता समिति गठन हुने तर सन्चालन तथा व्यवस्थापनको लागि समिति सकृय नहुँदा निर्मित संरचनाको संरक्षण, मर्मत संभार तथा सदुपयोगमा ध्यान कम गएको देखिएकोले आगामी दिनहरुमा योजना सम्झौताको समयमानै उपभोक्ता समितिलाई प्रतिबद्दता गराउने, साथै सामुदायिक भवन निर्माण गर्ने जग्गा प्राप्तीको प्रकृया पुरा गरेर मात्र सम्झौता गर्न उपयुक्त हुने ।
- वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति सकृय हुनु पर्ने ।
- भिरालो सडकहरुमा ग्राभेल गर्ने कामलाई निरुत्साहित गरी बजेटको अवस्था अनुसार ढुंगा सोलिङ वा ढलान गर्न अनिवार्य गर्नु पर्ने ।
- सडक किनारा तथा भिरालो जमिनमा योजना कार्यान्वयनको लागि लागत अनुमान वा कार्यक्रम बनाउँदानै माटो संरक्षणका जैविक उपायहरु (निगालो, अमृसो लगाउने आदी) अनिवार्य अपनाउनु पर्ने ।

- आयोजना सुचना पाटी राख्न अधिकांश उपभोक्ता समितिहरु अझै पनि उदासिन देखिएकोले काम शुरु गर्नु भन्दा अगाडिनै आयोजनास्थलमा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गरी पारदर्शिता कायम गर्न प्राविधिक तथा वडा कार्यालयहरुले सकृयता देखाउनु पर्ने ।

**जेष्ठ महिनामा अनुगमन गरिएका र भुक्तानी सिफारिस/अनुमोदन गर्नु पर्ने योजनाहरुको विवरण**

| क्र.सं. | वडा नं. | योजनाको नाम | रकम (हजारमा) |
|---|---|---|---|
| १ | ७ | कठनचोक शिव मन्दिर संरक्षण | ४०० |
| २ | ७ | आशुखुशी नयाँबस्ती खानेपानी | २०० |
| ३ | ७ | महादेवस्थान देखि भक्ति ब्याम्बो सडक | १०१४ |
| ४ | ४ | मानेडाँडा जे पि प्रतिस्ठान चौकी भन्ज्याङ सडक | ४९०० |
| ५ | ४ | मिलनचोक तिनपाने चिहानपाटी | २५० |
| ६ | ४ | थाङसाङ आधारभूत स्वास्थ्य केन्द्र | १००० |
| ७ | ४ | होमडाँडा गुरुङटोल सडक | ११०० |
| ८ | ४ | लप्से ईमानटोल सामुदायिक भवन | ३०० |
| ९ | ८ | कार्कीगाउ रानागाउँ नयाँगाउ सडक | ७५० |
| १० | ८ | बज्रयोगिनी पिकनिक स्पट शौचालय फिनिसिङ | २५० |
| ११ | ६ | डाडागाउ सडक | १८१३ |
| १२ | ५ | माझटोल खानेपानी | ३०० |
| १३ | ५ | राम्चेभिर सडक निर्माण | ५०० |
| १४ | ५ | बैठकेडाडा दंगालटोल सडक | ३०० |
| १५ | ६ | साँखु खानेपानी | ५०० |
| १६ | ४ | गोमादेबी युवा क्लब | २४१ |
| १७ | ४ | पन्चकन्या मन्दिर गोरेटोबाटो | २०० |
| १८ | ४ | मेवाथली कार्कीटोल सडक | ३०० |
| १९ | ४ | मेवाथली आकाशे सिंचाई | १५० |
| २० | ८ | सातपाते सामुदायिक भवन | ४२४१ |
| २१ | ७ | साँखु नयाँ वसपार्क स्तरोन्नती | ५१४१ |
| २२ | ७ | भ्वयं छेँ भवन निर्माण | ११०० |
| २३ | ७ | चलाखु वडा नं. ६ र ७ ढल व्यवस्थापन | ४०० |
| २४ | ६ | सलम्बुटार कुलो ड्रेन | ५४० |
| २५ | ६ | दुगाहिटी महादेव मन्दिर | १८५ |
| २६ | ५ | पालुवारी थापाडाँडा पन्चकन्या पार्क सडक | १३६४ |

| | | | |
|---|---|---|---|
| २७ | ५ | कालिदेवी सेतीदेवी मन्दिर पूर्वाधार | २५० |
| २८ | ५ | बुधु सिंचाई | ३०० |
| २९ | ७ | साँखु स्वास्थ्य चौकी घेरावार | १००० |
| ३० | ७ | तपल्वह आकाशे तथा धाराको पानी संकलन | ४०० |
| ३१ | ७ | साल्खा ननी ईटा तथा ढुंगा सोलिङ | ७५० |
| ३२ | ७ | साँखु बजार ईटा सोलिङ | ३७०० |
| | | जम्मा | ३३८३९ |
| | | जम्मा | ३०३१७ |

| प्रतिबेदन तयार कर्ता | प्रतिबेदन पेश कर्ता |
|---|---|
| नामः चुरामणि पन्थी | नामः समिता श्रेष्ठ |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः उप प्रमुख |
| हस्ताक्षर | हस्ताक्षर |
| मितिः २०८२।२।३० | मितिः २०८२।२।३० |

बैठक संख्याः १०२ औं

मिति २०८२/०३/०४ गते बुधबार दिउँसो १:०० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थितिः

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री सुना बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८५१०३२२१३ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री चुरामणि पन्थी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |